Gov. Reg.No 149/053/054

# नेपाल मानव अधिकार संगठन
HUMAN RIGHTS ORGANISATION OF NEPAL
केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं
Central Office, Anamnagar, Kathmandu
Estd. 1988 A.D. (2045 B.S.)

मिति-२०७५ /४/४

## कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रहरी आक्रमणको भत्सर्ना, एवं डा.गाविन्द के.सीको जीवनरक्षाको लागि अपील ।

जुम्ला स्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २० दिनदेखि अनसनरत डा.गोविन्द केसीलाई जर्वजस्ती काठमाण्डौ ल्याउने कममा सशस्त्र द्वन्दमा समेत द्वन्दरत पक्षहरु हतियार सहित प्रवेश गर्न नहुने अस्पताल क्षेत्रमा, हतियार सहितका सुरक्षाकर्मी हिजो प्रवेश गरी गोली चलाउनुका साथै अश्रुग्यास प्रहार र लाठी चार्जसमेत गरी तिनजना चिकित्सक एक प्रहरी लगायत दर्जनौं विध्यार्थी र समर्थक सर्वसाधारण घाईते भएका र जवर्जस्ती डा. के. सी.लाई काठमाण्डौ ल्याईएको घटनाप्रति संगठनको गंभिर ध्यानाकर्षण भएको छ ।

समग्र चिकित्सा क्षेत्रको सुधार र विकासका लागि पटक पटक अनसन वस्नुभएका डा. क.सी.का मागहरुलाई सम्वोधन गर्ने प्रयासै नगरी अस्पतालजस्तो **सघन उपचार कक्ष सहितको अति सम्वेदनशिल स्वायत् क्षेत्रमा** गैह्रकानूनी रुपमा सुरक्षाकर्मी प्रवेस गरी हातपात एवं आक्रमण गर्नु नेपालको संविधान कानुन र मानव अधिकारको विश्वव्यापी मान्यताको प्रतिकूल रहेको छ । संगठन उक्त प्रशासनिक हस्ताक्षेप एवं सरकारी रवैयाप्रति खेद प्रकट गर्दै उक्त घटनाको घोर भत्सर्ना गर्दछ ।

यो सरकारले नागरिक सर्वाच्चतालाई लत्याउनाका साथै संविधान प्रद्धत्त लोकतान्त्रिक अधिकारलाई अंगिकार नगरेको प्रति संगठन दुःख प्रकट गर्दछ । साथै, अविलम्व घटनाको छानविन गरी दोषीमाथि कडा भन्दा कडा कारवाही गर्न एवं डा के. सी.का माग अविलम्व सम्वोधन गर्न संगठन नेपाल सरकारसमक्ष जोडदार अपिल गर्दछ ।

भवदीय

ईन्द्र प्रसाद अर्याल
अध्यक्ष
नेपाल मानव अधिकार संगठन

Gov. Reg.No 149/053/054

# नेपाल मानव अधिकार संगठन

HUMAN RIGHTS ORGANISATION OF NEPAL

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं

Central Office, Anamnagar, Kathmandu

HURON

Estd. 1988 A.D. (2045 B.S.) ८८/०६५

मिति - २०७५/४/७

माननीय शेर वहादुर तामाङ्ज्यू,
मन्त्री, कानून न्याय तथा संसदिय मामिला मन्त्रालय,
नेपाल सरकार ,
सिहदरवार, काठमाण्डौ ।

विषय: विधेयक संशोधन सम्वन्धमा संगठनको माग वारे ।

मन्त्रीज्यू

नेपाल सरकारले हालसालै बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्ने विद्येयक सार्वजनिक गरेको छ । उक्त संशोधन विधेयक द्धन्दकालिन घटनाका पिडकहरुलाई उन्मुक्ति नदिई पिडीतहरुको पिडाहरुलाई मलमपट्टी लगाउने र त्यस्तै किसिमको द्धन्दको पुनरावृत्ती हुन रोक्ने तर्फ उन्मुख नभई अन्तराष्ट्रिय मानव अधिकार र मानव अधिकार कानूनले समेत माफि मिनाहा दिन नमिल्ने अपराधहरुका दोषी समेतलाई समग्र रुपमा उन्मुक्ति दिने (Blanket Amnesty) दिशातर्फ उन्मुख रहेको छ । यदि उक्त शंसोधन विद्येयकलाई यथास्थितीमा संसदमा पेश गरी पारित गर्ने हो भने नेपालको संविधानले परिकल्पना र व्यवस्था गरेको संवैधानिक सर्वोच्चता, विधीको शासन, स्वतन्त्र एवं सक्षम न्यायपालिका, मानवअधिकारको संरक्षणजस्ता लोकतन्त्रंका मुलभूत सिद्धान्तहरु उल्लंघन हुनुका साथै सम्मानित सर्वोच्च अदालत एवं मानवअधिकार समितिले द्धन्दकालिन घटनाका सम्वन्धमा दिएका फैसला एवं आदेशहरु, नेपाल पक्ष भएका मानवअधिकार एवं मानवीय कानून, हाल प्रचलित न्याय र न्याय प्रशासन सम्वन्धी कानूनहरु, राष्ट्रिय संस्थाहरु सम्वन्धि पेरिस सिद्धान्त समेतको गम्भिर उल्लंघन हुन जाने देखिन्छ । यस्तो उल्लघंनले नेपाललाई अन्तराष्ट्रिय क्षेत्रमा मानव अधिकार संरक्षण गर्ने समुन्नत लोकतान्त्रिक देशको रुपमा चित्रित नगरी असफल राष्ट्रको रुपमा चित्रित गर्ने स्वत: स्पष्ट छ ।

माथी उल्लिखित समग्र सत्य एवं तथ्यहरुलाई मनन गरी नेपाल मानव अधिकार संगठनले प्रस्तावित शंसोधन विद्येयकमा यथास्वरुपमा परित नगर्न नगराउन माननीय कानून मन्त्रिज्यू मार्फत नेपाल सरकारसंग जोडदार रुपले माग गर्दछ । नेपाल मानव अधिकार संगठनले प्रतावित विधेयकका सम्वन्धमा वनाएको अवधारणा यसै साथ संलग्न छ ।

इन्द्र प्रसाद अर्याल

अध्यक्ष



P.O. Box 5424, Anamnagar, Kathmandu, Nepal, Tel : +977-1-4269948, Fax : +977-1-4229949
E-mail : huron.nepal@gmail.com, Website : www.huronnepal.org.np

सशोधन विधेयकका सम्वन्धमा नेपाल मानव अधिकार संगठनको अवधारणाः

क) <u>**मूल ऐनको दफा २को खण्ड (झ) पछि थपिएको (झ१), (ञ) को सट्टामा राखिएको (ञ) र झिकिएको (ट) को सम्वन्धमाः**</u>

अहिलेको संशोधनले साविकको ऐनको दफा २(ञ)ले "मानव अधिकारको गम्भिर उल्लंघन" भनि परिभाषित गरेको ९ वटा कार्यलाई विभाजन गरी "मानव अधिकार उल्लंघनका अन्य कार्य" र "मानव अधिकारको गम्भिर उल्लंघन" भनि वर्गीकरण गर्न खोजिएको छ भने साविक दफा २(ट) ले "व्यक्ति बेपत्ता पार्ने कार्य" विस्तृत परिभाषालाई हटाउने कार्य भएको छ । हालको संशोधनले "मानव अधिकारको गम्भिर उल्लंघन"भन्नाले गैरकानूनी, व्यक्ति वेपत्ता पार्ने, यातना दिने भनि परिभाषा गरिएको छ भने "मानव अधिकार उल्लंघनका अन्य कार्य" भन्नाले अपहरण तथा शरीर वन्धक वनाउने, अंगभंग वा अपाङ्ग वनाउने, व्यक्तिगत वा सार्वजनिक सम्पत्तीको तोडफोड वा आगजनि गर्ने र घरजग्गाबाट जवर्जस्ती निकाला वा अन्य किसिमवाट विस्थापन गर्ने भनि परिभाषित गरिएको छ । एकातर्फ यी परिभाषाहरुमा एक आपसमा विरोधाभाषपूर्ण रहेका छन् । जस्तो अंगभंग एवं अपाङ्ग वनाउने कार्य आफैमा यातना हो तर यसलाई यतनावाट अलग राखी "मानव अधिकार उल्लंघनका अन्य कार्य" भित्र राखिनु, हत्या आफैमा गैरकानूनी भएको र नेपालको संविधान एवं नेपाल पक्ष भएको मानवअधिकारको अन्तराष्ट्रिय कानून समेतले मृत्युदण्डलाई प्रतिवन्ध लगाएको सन्दर्भमा "मानव अधिकारको गम्भिर उल्लंघन"को कार्यको रुपमा गैरकानूनी हत्या भनि परिभाषित गर्नु, अन्तराष्ट्रिय मानव अधिकार एवं मानविय कानूनले परिभाषित गरिएको वाल सैनिक भर्नाजस्ता गम्भिर मानव अधिकार र मानवीय कानून उल्लंघनका घटनालाई परिभाषित खण्डमा छुटाउनु, सम्मानित सर्वोच्च अदालत एवं मानव अधिकार समितिले समेत बेपत्ता पार्ने कार्यलाई विस्तृत रुपले परिभाषित गरि दण्डित गर्नु भनी नेपाल सरकारलाई आदेश दिएको सन्दर्भमा मूल ऐनमा रहेको "व्यक्ति बेपत्ता पार्ने कार्य" भनी विस्तृत गरिएको परिभाषालाई हटाईनु आदि ।

<u>**संगठनको मागः**</u> साविक ऐनको परिभाषित खण्डलाई यथावत राखी वाल सैन्य प्रयोग समेतलाई "मानव अधिकारको गम्भिर उल्लंघन" भित्र थप्नुपर्ने ।

ख) <u>**अयोगका काम कर्तव्य र अधिकारका सम्वन्धमा संशोधन प्रस्तावित दफा १३(१)क का सम्वन्धमाः**</u>

संशोधन प्रस्तावित दफा १३(१)क ले आयोगको काम कर्तव्य अधिकारको रुपमा "मानव अधिकारको गम्भिर उल्लङ्घन तथा मानव अधिकार उल्लङ्घनका अन्य कार्यको प्रवृति, प्रकृति तथा द्वन्दका क्रममा द्वन्दका पक्षहरुले अवलम्वन गरेको नीतिको विश्लेषण गर्ने" राखिएको छ । यी कार्यहरु सही रुपमा गर्न लामो समयको अध्ययन, अनुसन्धान, चिन्तन मनन, विश्लेषणको खाँचो पर्ने हुनाले यो कार्य आयोगलाई दिनु भन्दा विश्वविद्यालय वा अनुसन्धान संस्थानहरुलाई

दिनु उपयुक्त देखिन्छ । आयोगको सान्दर्भिकता, आवश्यकता एवं औचित्यता समेतलाई विश्लेषण गरी हेर्दा विधेयकले आयोगलाई यो काम, कर्तव्य र अधिकार दिनुको अर्थ नेपाल सरकार द्वन्दकालिन घटनालाई लामो समयसम्म राख्न चाहेको जस्तो देखिनुका साथै द्वन्दको पिडीतहरुलाई न्यायवाट लामो समयसम्म वञ्चित गर्नु रहेको देखिन्छ । प्रस्तावित दफा १३(१)क मा प्रयुक्त "द्वन्दका क्रममा द्वन्दका पक्षहरुले अवलम्वन गरेका नीतिको विश्लेषण गर्ने" वाक्यांशवाट नेपाल सरकार नीतिको आवरणमा द्वन्दका पक्षले घटित गरेको व्यक्तिगत आपराधिक घटना समेतलाई द्वन्दको घटनाको रुपमा परिभाषित गरी अपराधिलाई फौज्दारी दात्यित्ववाट उन्मुक्ति दिन तल्लिन रहेको जस्तो देखाउँदछ ।

**संगठनको माग:** प्रस्तावित दफा १३(१)क मा संशोधन गरी आयोगको कामलाई समय मै सकिने एवं व्यक्तिगत आपराधिक घटनाका दोषिलाई फौज्दारी दात्यित्ववाट उन्मुक्ति नदिने किसिमले संशोधन गर्नुपर्ने ।

ग) **नेपाल प्रहरीका उजुरीका सम्वन्धमा प्रस्तावित संशोधनका सम्वन्धमा** (प्रस्तावित संशोधनको दफा १३(२) र १३(३))

नेपालको प्रचलित कानूनले फौज्दारी कसुरको प्रारम्भिक अनुसन्धान, तहकिकात र अभियोजन गर्ने निकायको रुपमा नेपाल प्रहरीलाई राखेको छ । प्रस्तावित संशोधन विधेयकको दफा २९(५)ले पनि सत्यनिरुपण र मेलमिलाप आयोगले मानव अधिकारका गम्भिर उल्लंघनका घटनामा मुद्धा दायर सिफारिस गरेको मुद्दाहरुको अनुसन्धान प्रहरीलाई गराईने भन्ने व्यवस्था गरेको छ । हाल मौजुदा आयोगहरुले आफुहरुसंग पर्याप्त जनशक्ति एवं साधन स्रोत नभएका कारण आफुहरुले काम गर्न नसकेको सन्दर्भमा नेपाल प्रहरीको द्वन्दकालका घटनाका सम्वन्धमा परेका उजुरीसमेत सत्यनिरुपण र मेलमिलापका सम्वन्धमा वनेका आयोग समेतमा पठाउने कार्यवाट नेपाल प्रहरीको संस्थागत विश्वासमा ह्रास आउनुका साथै पिडितले समेत अझ लामो समयसम्म न्यायको लागी तड्पिनु पर्ने देखिन्छ ।

**संगठनको माग:** प्रस्तावित संशोधन विधेयकको दफा १३(२) र (३) मा संशोधन गरी प्रहरीमा परेको उजुरीको अनुसन्धान र तहकिकात प्रहरीवाटै टुङ्गो लगाउनुपर्ने ।

घ) **राष्ट्रिय मानव अधिकार आयोगका सम्वन्धमा गरिएको प्रस्तावित संशोधनका सम्वन्धमा**( प्रस्तावित संशोधनको दफा १३(७)-१३(११) ):

प्रस्तावित संशोधन विधेयकको दफा १३(७) देखि १३(११) सम्मका प्रावधानले मानव अधिकार आयोगले द्वन्दकालिन घटनाका सम्वन्धमा प्राप्त गरेको उजुरी, आयोगसंग भएको विवरण र प्रमाण एवं आयोगले मानव अधिकार उल्लंघनका घटनाका सम्वन्धमा कारवाहीका लागी गरेका सिफारिस समेत संक्रमणकालिन न्यायका सम्वन्धमा वनेको आयोगमा स्वत: सर्ने व्यवस्था गरेको पाईन्छ । यसवाट सर्वप्रथम मानव अधिकार संरक्षण सम्वन्धि राष्ट्रिय संयन्त्रका सम्वन्धी

पेरिस सिद्धान्तले निदृष्ट गरिएको एवं नेपालको संविधानले समेत संरक्षण गरिएको राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रतालाई गम्भिर आघात पर्न जान्छ । अर्कोतर्फ राष्ट्रिय मानव अधिकार आयोगले कारवाहीको लागी गरिएको सिफारिसलाई वेकम्मा पारी नेपालमा सरकार पक्षवाट हुने मानवअधिकार उल्लंघनका घटनाका दोषीलाई कारवाही नगर्ने संस्कृतिको निमार्ण हुन जान्छ ।

**<u>संगठनको मागः</u>** प्रस्तावित संशोधन विधेयकको दफा १३(७) देखि (११) पेरिस सिद्धान्त सुनिस्चित गरिएको एवं नेपालको संविधानले संरक्षण गरेको राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रताको वर्खिलाप रहेको हुँदा खारेज गरी राष्ट्रिय मानव अधिकार आयोगको स्वविवेकमा मात्र मानव अधिकार आयोगले द्बन्दकालिन घटनाका सम्वन्धमा प्राप्त गरेको उजुरी, आयोगसंग भएको विवरण संक्रमणकालिन न्यायका सम्वन्धमा वनेको आयोगलाई दिने व्यवस्था गर्नुपर्ने र राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई कारवाहीका लागी गरेको सिफारिस निशर्त लागु हुनुपर्ने ।

ङ) **<u>अदालतहरुमा विचाराधिन मुद्दाहरुका सम्वन्धमा गरिएको प्रस्तावित संशोधनका सम्वन्धमा(</u>** <u>प्रस्तावित संशोधनको दफा १३(४), १३(५) र ३०ख):</u>

नेपालका अदालतहरु न्याय सम्पादनका सिलसिलामा आफु भन्दा माथिल्लो अदालत वाहेक अन्य कोही कसैको आदेशको कार्यान्वयन गर्न वध्य नहुने परिस्थितिमा अदालतलाई वाध्य वनाउने गरी प्रस्तावित संशोधन विधेयकको दफा १३(४), १३(५) नेपालका अदालतहरुलाई संक्रमणकालिन न्यायका सम्वन्धमा वनेको आयोगको मातहतमा ल्याईएको वा ल्याउन खोजिएको जस्तो देखिन्छ । साथै प्रस्तावित संशोधन विधेयकको दफा ३०ख ले अदालतमा जिल्ला र उच्च अदालतहरुमा विचाराधिन मुद्दाहरु स्वतः विशेष अदालतमा आउने भन्ने व्यवस्था गरेको छ, जुन नेपालको संविधानको १२८, १३३, १३४, १४४, १४५, १४८को वर्खिलाप रहनुका साथै स्वतन्त्र न्यायपालिकाका सम्वन्धमा अन्तराष्ट्रिय कानून एवं अभ्यासले सुरक्षित गरेको स्वतन्त्र न्यायपालिकाको अवधारण विपरित रहेको छ ।

**<u>संगठनको मागः</u>** प्रस्तावित संशोधन विधेयकको दफा १३(४), १३(५) र ३०ख नेपालको संविधानको १२८, १३३, १३४, १४४, १४५, १४८को वर्खिलाप रहनुका साथै स्वतन्त्र न्यायपालिकाका सम्वन्धमा अन्तराष्ट्रिय कानून एवं अभ्यासले सुरक्षित गरेको स्वतन्त्र न्यायपालिकाको अवधारण वर्खिलाप रहेको हुँदा खारेज गरी उक्त दफाहरुमा संविधान वमोजिम मात्र गर्नु गराउनुपर्ने गरी संशोधन गर्नुपर्ने ।

च) **<u>घटनाको अनुसन्धानको छनौटको आधारका सम्वन्धमा प्रस्तावित संशोधनको दफा १४कः</u>**

प्रस्तावित संशोधन विधेयकको दफा १४क ले घटनाको अनुसन्धानको लागी विभिन्न आधारमा तोकेको पाईन्छ.। ती मध्ये "पिडक र पिडीतको संख्याको आधार" र "व्यापक सार्वजनिक चासो

वा सरोकार रहेको घटना" भन्ने आधारले गरिव, निमुखा, वोल्न नसक्ने, एकजना व्यक्ति मात्र पिडीत भएका घटनालाई छानविनको दायरामा समेत नराख्ने कलुषित मनसाय झल्काउछ । राज्यका दृष्टिकोणवाट हेर्दा हरेक व्यक्तिको पिडा राज्यको नजरका वरावर हुनुपर्नेमा सो नगरी प्रस्तुत विधेयकले शक्तिशालीको स्वार्थ संरक्षण गरी गरिव निमुखा माथी थिचोमिचो गर्ने नियत राखेको देखिन्छ, जुन नेपालको संविधानको धारा १८ एवं नेपाल पक्ष भएका विभिन्न मानव अधिकार एवं मानविय कानूनको संरक्षित गरिएको अविभेदको सिद्धान्त समेत विपरित देखिन्छ ।

**संगठनको माग:** प्रस्तावित संशोधन विधेयकको दफा १४क खारेज गरी सवै किसिमका मानवअधिकार उल्लंघनका घटनाहरुको छानविन गर्ने भन्ने प्रावधानको व्यवस्था गनुपर्ने ।

छ) **जस्तोसुकै किसिमका पिडकलाई धरौटीमा छोड्ने सम्वन्धमा (प्रस्तावित संशोधनविधेयकको दफा ३०ग):**

जस्तोसुकै किसिमका पिडकलाई पनि धरौट जमानत वा तारेखमा राख्ने भन्ने व्यवस्थाले नेपाल सरकार गम्भिर मानव अधिकार उल्लंघनका घटनाका दोषिलाई कारवाही नगरी उन्मुक्ति दिन लागेको भन्ने कुरा प्रमाणित हुन जान्छ । यसले नेपालको संविधान, प्रचलित नेपाल कानून, अर्को महिना देखि लागु हुने मुलुकी ऐन अपराध र अपराध कार्यविधी संहिता, अन्तराष्ट्रिय मानव अधिकार कानून एवं मानविय कानूनले आवलम्वन गरेको विभिन्न सिद्धान्तको गम्भिर उल्लंघन हुनुका साथै दोषिलाई आफु विरुद्ध लाग्ने साक्षी प्रमाण लोप गर्न समेत मद्दत गर्दछ । यसवाट व्यक्तिलाई अपराध कर्म नगर्न भन्दा समुह वनाएर अपराध कर्म गर्न प्रेरित गर्नेछ देखिन्छ ।

**संगठनको माग:** प्रस्तावित संशोधन विधेयकको दफा ३०ग खारेज गरी गम्भिर मानव अधिकारको घटनामा संलग्नलाई लागी थुनामा राखेर कारवाही गर्नुपर्ने एवं थुनछेकको अधिकारको प्रयोग अदालतको स्वविवेकमा छोड्ने गरी विधेयक संशोधन गर्नुपर्ने ।

ज) **मुद्दा फिर्ता सम्वन्धी प्रस्तावित संशोधनको दफा ३०ठ का सम्वन्धमा:** विधेयक दफा ३०ठ मा प्रयुक्त शव्द, वाक्य एवं वाक्याशवाट नेपाल सरकारले जुनसुकै किसिमको अपराधका सम्वन्धमा चलेको मुद्दालाई राजनीतिक आवरण एवं विस्तृत शान्ति सम्झौताको हवाला दिएर फिर्ता लिन सक्ने देखिन्छ । जुन मुद्दा फिर्ता सम्वन्धमा सम्मानित सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्त एवं संक्रमणकालिन न्यायको मूलभूत सिद्धान्त विपरित रहेको छ । यसवाट द्धन्दको घाउ ओभाउने नभई अझ गहिरने देखिन्छ ।

**संगठनको माग:** प्रस्तावित संशोधन विधेयकको दफा ३०ठ खारेज गर्नुपर्ने ।

झ) **पिडितहरुलाई अझ पिडीत वनाउने प्रावधानका सम्वन्धमा**

प्रस्तावित विधेयकमा पटकपट्क पिडीतले पिडकको सहयोगमा मात्र परिपूरण, क्षतिपूर्ति लगायतका सुविधा पाउने भन्ने भान पारिएको छ । यसवाट प्रस्तुत विधेयक पिडीत मैत्री नभई

पिडक मैत्री देखिन्छ । साथै दफा ३०ञ को देहाय २(ज)ले हरेक घटनामा पिडीतलाई नै दोषी देखाउने सम्भावना देखिन्छ ।

**संगठनको माग:** सभ्य समाज र राष्ट्रमा सदैव पिडीतको संरक्षण हुनु आवश्यक छ । यस्तो अवस्थामा पिडकलाई संरक्षण गर्ने प्रस्तुत विधेयकका प्रावधानहरुलाई संशोधन गरी पिडीत मैत्री वनाउनु अत्यावश्यक छ ।

ञ) **अपराध स्वीकारोक्तिलाई माफी मिन्हाको मुख्य आधार वनाउने प्रस्तावित विधेयकको दफा ३०झ(३), ३०झ(६), ३०ञ(२)जका सम्वन्धमा**

प्रस्तावित विधेयकको दफा ३०झ(३), ३०झ(६), ३०ञ(२)ज ले दोषिलाई आफ्नो अपराध स्वीकार गर्न प्रात्साहन दिएको पाईन्छ किनकि यी प्रावधानहरुले निजललाई सजायवाट सजिलै मुक्त गराउने व्यवस्था गरेका छन् । नेपालको सन्दर्भमा कानून मै यस्तो प्रावधान राख्दा शक्तिशालीहरुले आर्थीक तथा समाजिक रुपले कमजोर रहेका व्यक्तिहरुलाई प्रलोभनमा पारि सवै घटनाको जिम्मेवारी लिन लगाउन सक्ने सम्भावना वढाएको छ । तत्कालिन युवराजधिराजले लापरवाहीपूर्वक सवारी चलाई गायक एवं संगीतकार प्रविण गुरुङ्गको हत्या गर्दा खडा गरिएको भूजेल थरका चालकको स्वीकारोक्तिलाई पनि विधेयकको प्रस्तुत प्रावधान विश्लेषण गर्दा मनन गर्नु सान्दर्भिक नै देखिन्छ ।

**संगठनको माग:**अपराध स्वीकारोक्तिलाई माफी मिन्हाको मुख्य आधार वनाउने प्रस्तावित विधेयकको दफा ३०झ(३), ३०झ(६), ३०ञ(२)ज खारेज गर्नुका साथै सजाय थपघट गर्ने अधिकार अदालतलाई अपराधको गम्भिर्यता हेरी स्वविवेकमा प्रयोग गर्नेगरी व्यवस्था गर्नुपर्ने।

ट) **दण्ड सजायको व्यवस्था सम्वन्धमा प्रस्तावित संशोधन विधेयकको दफा ३०झ**

प्रस्तावित विधेयकको दफा ३०झ ले प्राय सवै अपराधका दोषीलाई नगन्य कारवाहीको व्यवस्था गरेको छ । यस्तो प्रावधानवाट संगठित रुपमा राजनितीको आवरणमा अपराध गर्ने समुहको मनोवल वढाउनुका साथै देशमा दण्डहिनतालाई प्रश्रय दिन्छ । तत्कालिन विद्रोहमा समेल भएका दलका सदस्यहरुले नयाँ दल खोली फेरी पनि हिंसात्मक गतिविधी गरेको सन्दर्भमा विधेयकको दण्ड सम्वन्धी प्रावधान कठोर नवनाईएमा हिंसात्मक गतिविधीका कारणवाट हुने मानव अधिकार संरक्षण गर्न असंभव हुन्छ ।

**संगठनको माग** :प्रस्तावित विधेयकको दफा ३०झको दण्डको व्यवस्था प्रचलित कानून वमोजिम नै गरी सजाय थपघट गर्ने अधिकार अदालतलाई अपराधको गम्भिर्यता हेरी स्वविवेकमा प्रयोग गर्नेगरी व्यवस्था गर्नुपर्ने ।

ठ) **अन्यत्र उजुरी नलाग्ने व्यवस्थाका सम्वन्धमा:**

प्रस्तावित संशोधन विधेयकको दफा ४०क ले सशस्त्र द्वन्दका क्रममा भएका मानव अधिकारको गम्भिर उल्लघंन तथा मानव अधिकार उल्लंघनका अन्य कार्य वा घटनाका सम्वन्धमा आयोग वाहेक अन्यत्र उजुरी नलाग्ने व्यवस्था नेपालको संविधानको धारा १३३ एवं १४४ विपरित रहेको छ ।

**संगठनको माग:** प्रस्तावित विधेयकको दफा ४०क खारेज गर्नुपर्ने ।

ड) **गैरराजनीतिक चरित्रका अपराधका सम्वन्धमा**

अपराधलाई राजनीतिको आवरणमा उन्मुक्ति लिने प्रवृत्तीलाई निरुत्साहित गर्न कुनै पनि उजुरी परेका घटना राजनैतिक हो वा होईन भनि निर्क्योल गर्ने जिम्मा आयोगलाई दिनुपर्छ । आयोगले आफुलाई प्राप्त अधिकार वमोजिम घटनाका छानविन गर्दा उक्त घटना गैरराजनीतिक किसिमको भएको यकिन गरेमा, उक्त घटनाका दोषीहरुलाई सामान्य कानून वमोजिम कारवाही गर्नुको विकल्प छैन ।

**संगठनको माग:** विधेयकमा गैर राजनीतिक किसिमको अपराधिक घटनाका दोषिलाई सामान्य कानून वमोजिम कारवाही हुने व्यवस्था राख्नुपर्ने ।